# नीतिगत समिक्षा

## १. पृष्ठभूमि

नेपालमा आप्रवासनको इतिहास उल्लेखनीय छ । ठूलो संख्यामा नेपाली महिलाहरूले विदेशमा रोजगारीको अवसर खोजिरहेका छन् । पछिल्लो दुई दशकमा श्रमका लागि विदेशिने महिलाको संख्या पाँच गुणा बढेको प्रतिवेदनहरूले देखाउँछन् । सन् २००१ मा विदेशिने महिलाको संख्या ८२,७१२ रहेकोमा सन् २०२१ मा यो संख्या बढेर ४,०६,१६३ पुगेको छ । सन् २०२१ मा विदेशिएका २० लाख नेपालीहरू मध्ये १९ प्रतिशत महिलाहरू रहेका छन् । यो औपचारिक रुपमा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेको संख्या मात्र हो ।

देशको कुल गार्हस्थ उत्पादनको एक चौथाई भन्दा बढी हिस्सा वैदेशिक रोजगारबाट आएको रेमिट्यान्सले धान्ने पनि, हालको अवस्थालाई विश्लेषण गर्दा नीति निर्माताहरुले श्रमिकहरुको अधिकारलाई वेवास्ता गरेको देखिन्छ । नेपालले सन् २०१७ मा श्रमिकहरुलाई घरेलु श्रमिकको रुपमा वैदेशिक रोजगारीमा जान लगाएको प्रतिवन्धका कारण विशेषत: कागजविहीन महिला घरेलु श्रमिकहरूको वास्तविक संख्या यकिन गर्न कठिन भएपनि खाडी तथा मलेसिया जस्ता मुख्य गन्तव्य देशहरूमा आठ-दश लाख भन्दा बढी नेपाली श्रमिकहरु रहेको जसमा करिव ६० हजार महिला श्रमिक कागजविहीन भएर रहेको अनुमान छ । यसरी कागजविहिन रहेका महिला श्रमिकहरु न सरकारी तथ्याङ्कमा आउँछन्, न त वैदेशिक रोजगारीको क्रममा मृत्यु भयो भने उनीहरुले राज्यबाट प्राप्त गर्ने सुविधाहरुबाट पनि बञ्चित रहन्छन् ।

त्यस्तै, वैदेशिक रोजगारीका क्रममा नेपाली श्रमिकहरुको मृत्यु दर पनि उच्च छ । पछिल्ला तीन आर्थिक वर्ष (२०२०/२१-२०२२/२३) मा ४,०३५ भन्दा बढी नेपाली आप्रवासी कामदारका मृत्युको घटना रिपोर्ट भएका छन् ।[१] सन् २०२४/२५ मा मात्र १,४०१ शव स्वदेश फर्काइएका थिए ।[२] महिला श्रमिकको तथ्याङ्क हेर्दा विगत १४ वर्ष (२०१० देखि २०२४ सम्म) मा ४०० जना महिलाहरुको मृत्यु भएको देखिन्छ [३]। जुन केवल औपचारिक जसमा बाटो भएर वैदेशिक रोजगारीमा गएका महिलाहरुको संख्या मात्र हो ।

आज पनि धेरै नेपाली महिला घरेलु श्रमिकहरू कागजविहीन खाडी मुलुकहरूमा काम गरिरहेका छन्, तर उनीहरूको मृत्यु न त दर्ता हुन्छ, न अनुसन्धान । पुरुष श्रमिकका दैनिक २-३ वटा शव स्वदेश फर्कदा राज्यले सहयोग, वीमा तथा सम्मान प्रदान गर्छ, तर महिला श्रमिकको मृत्यु भने “अवैध” उपमाद्धारा अदृश्य बनाइन्छ । न क्षतिपूर्ति, न कूटनीतिक सहयोग, न मनोसामाजिक समर्थन नै प्रदान गरिन्छ । प्रतिवन्धले तिनको कानुनी बाटो बन्द गरेको छ, शव ल्याउन समेत परिवारले ऋण लिनु पर्ने अवस्था कायम छ ।

पछिल्ला अध्ययनहरूले महिला श्रमिकको निर्णय गर्ने अधिकारको अवस्था, जोखिम र दुर्व्यवहारको पक्ष समेटे पनि, उनीहरूको श्रम र मृत्युलाई कसरी अदृश्य बनाइन्छ र परिवारहरूले कस्तो संघर्ष, दु:ख, अपमान र न्यायबाट बञ्चित हुनुपर्दछ भन्ने सवाल निकै महत्वपूर्ण छ, यद्यपि यी सवालहरु अत्यन्त कम मात्रामा उठाइन्छ ।[४]

## २. नीतिगत समिक्षा

नेपालको संविधानले महिलाको अधिकारलाई मौलिक अधिकारका रूपमा स्थापित गरेको छ । धारा १८ ले समानताको अधिकार सुनिश्चित गर्दै लिङ्गका आधारमा हुने कुनै पनि प्रकारको प्रत्यक्ष वा अप्रत्यक्ष भेदभावलाई निषेध गर्दछ । धारा ३८ (घ) ले राज्यका सबै निकायहरूमा महिलाको समानुपातिक समावेशिता सुनिश्चित गर्न बाध्य बनाउँछ, र धारा ३८ (ङ) ले सकारात्मक विभेद मार्फत शिक्षा, स्वास्थ्य, रोजगारी, र सामाजिक सुरक्षामा महिलाको विशेष अधिकारको सुनिश्चितता गर्दछ । वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८ ले वैदेशिक रोजगारीमा लिङ्गका आधारमा कुनै विभेद

१ https://myrepublica.nagariknetwork.com/index.php/news/over-4-000-migrant-nepali-workers-died-abroad-in-three-years
२ https://theannapurnaexpress.com/story/50304
३ https://www.feb.gov.np/
४ यो नीतिपत्र अदृश्य जीवन र मृत्यु : नेपाली महिला आप्रवासी घरेलु श्रमिकहरुको मृत्यु र उनीहरुको परिवारको संघर्ष उजागरका लागि गरिएको अध्ययनसंग सम्बन्धित छ ।

गर्न नपाइने स्पष्ट कानुनी व्यवस्था गरेको छ। घरेलु श्रमलाई "उच्च जोखिम" को बहानामा रोक्ने वा प्रतिवन्ध लगाउने राज्य संरचना यो प्रावधानसँग प्रत्यक्ष बाझिएको देखिन्छ । यसैगरी श्रम ऐन, २०७४ ले सबै प्रकारका श्रमिकलाई समान संरक्षण, न्यायपूर्ण व्यवहार, र दुर्व्यवहार विरुद्ध कानुनी सुरक्षा पाउनु पर्ने प्रावधान गर्दछ। विदेशमा रहेका घरेलु श्रमिक पनि यसै ऐनले परिभाषित "नेपाली श्रमिक" को दायरा भित्र पर्ने हुँदा, राज्यले उनीहरूको सुरक्षा, गुनासो, र न्याय प्राप्तिको जिम्मेवारी वहन गर्नुपर्ने संवैधानिक दायित्व कायम रहन्छ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले जबरजस्ती श्रम, पासपोर्ट जफत, बन्दीकरण, तलब नदिने, र घरेलु श्रमिक माथिका अन्य दुर्व्यवहारलाई कानुनी रूपमा अपराधको रूपमा परिभाषित गर्छ। तर प्रतिवन्धका कारण कागजविहीन रूपमा विदेशिने महिला घरेलु श्रमिकहरू यी संरक्षण संरचनाबाट नै बाहिर धकेलिन्छन्, जसले उनीहरूलाई दण्डहीनता र हिंसाको उच्च जोखिममा पुऱ्याउँछ।

अन्तर्राष्ट्रिय रूपमा आइएलओ ओ (ILO) महासन्धि १८९ ले घरेलु श्रमिकको अधिकार, सुरक्षा, सम्मानजनक काम र न्याय प्रक्रियालाई अन्तर्राष्ट्रिय स्तरमा संरक्षण गर्छन्। नेपालले आइएलओ ओ (ILO) महासन्धि १८९ अनुमोदन नगरेको कारणले महिला घरेलु श्रमिकका हक हित अन्तर्राष्ट्रिय मानक अनुसार सुरक्षित छैनन्।

## ३. बैदेशिक रोजगारीका क्रममा मृत्यु भएका महिलाका परिवारहरुको अदृष्य संघर्ष र चुनौतीहरु

### ▪ सामाजिक कलंक, बहिष्कार र पारिवारिक विघटन

महिला आप्रवासी घरेलु श्रमिकको मृत्यु पछि परिवारहरू गम्भीर सामाजिक कलंक, आरोप र बहिष्करणको सामना गर्न बाध्य हुन्छन्। समुदायबाट सम्मान र सहयोग घट्दै जान्छ, समुदायका व्यक्ति र नातासम्बन्धहरु पनि टाढिने, सामाजिक सम्बन्धहरू कमजोर हुन्छन्। वर्ग, जात वा आर्थिक स्थिति अनुसार यो बहिष्करण झनै तीव्र हुन्छ जसले परिवारको मनोवैज्ञानिक, सामाजिक र सामुदायिक सुरक्षामा दीर्घकालीन असर पार्छ।

*"मिलन (परिवर्तित नाम) सुनारको मृत्युपछि समुदायका केही सदस्यहरु उनको परिवारसँग क्रमश: टाढिँदै गए । पहिले पाउँदै आएको साथ-सहयोग हरायो, र छिमेकीहरुको समर्थन पनि रोकियो ।"*

**मिलनका श्रीमान्**

*"वैदेशिक रोजगारीको क्रममा मेरो दिदीको मृत्यु पश्चात दिदीका साना बच्चा बच्चीलाई छाडेर विवाह गर्न सकिन र छमेकीहरुले मलाई तिमी आफु विहे गर, आफ्नो जीवनको बारेमा सोच र दिदीका बच्चाहरु छोडिदेऊ भन्दै सुझाव दिए, तर मैले उनीहरुलाई कहिल्यै त्याग सकिन ।"* **सुवर्णा परियारको बहिनी**

### ▪ मानसिक स्वास्थ्य समस्या

महिला आप्रवासी घरेलु श्रमिकको मृत्युपछि परिवार दीर्घकालीन मानसिक स्वास्थ्य सम्बन्धी समस्याहरु जस्तैः डिप्रेशन, चिन्ता, निद्रा नलाग्ने, सामाजिक अलगाव र शारीरिक पिडाहरु गहिरो रुपमा देखिन्छन्। वृद्ध अभिभावक र बालबालिकामा जिम्मेवारी र तनाव बढ्छ भने शव ल्याउनको लागि पनि निकै संघर्ष गर्नुपर्दछ र अन्तिम संस्कार गर्न नपाउँदा परिवारमा शोक अझ गहिरो रुपमा पर्दछ। स्थानीय तहमा मनो-सामाजिक सहयोगको अभाव र सांस्कृतिक कलंकले परिवारको पीडालाई एकअर्कामा बताउने स्थान समेत हुँदैन र परिवारले आफ्ना पीडाहरु साझा गर्न सक्दैनन् र घाउ झनै गहिरिन्छ र थप मानसिक प्रभाव पर्दछ।

*"मेरो छोरीको मृत्यु पश्चात म एक्लो भएँ, यो एक्लोपना र खालीपन सहन साह्रै गाह्रो छ । उनी हाम्रो जीवनको एकमात्र सहयोग, सहारा र आधार थिइन् । उनी विना अब मेरो दैनिकी मात्र होइन, मनोवल र भावनात्मक सन्तुलन पनि बिग्रिएको छ । घरको जिम्मेवारी, आर्थिक चुनौती र शोकले जीवन भारी, दु:खी र असुरक्षित महसुस गराइरहेको छ । उनको अनुपस्थिति परिवारमा खालीपन, तनाव र निराशाको झन् बढाइरहेको छ ।"* **वेद कुमारी सार्कीकी आमा**

*" मेरो पत्नी सँधै जीवनमा पीडा अस्थाई छ र हाम्रो पनि राम्रो दिन आउँछ भन्दै मलाई सँधै सान्त्वना दिन्थिन् । तर जब उनको मृत्युको खबर सुनें, मेरा आँसु थाम्न सकिन । उनका सल्लाह र समर्थनले जीवनमा चुनौतीको सामना गर्न सहज बनाउँथ्यो, तर उनको अप्रत्याशित निधनले केवल भावनात्मक शून्यता मात्र सिर्जना गरेन, घरको जिम्मेवारी र आर्थिक बोझ पनि अचानक बढाइदियो । उनको अनुपस्थितिले परिवारमा गहिरो दु:ख, मानसिक तनाव र भावनात्मक असुरक्षाको वातावरण सिर्जना गरेको छ ।"* **उपमाका श्रीमान**

## ▪ आर्थिक चुनौतिहरु

महिला आप्रवासी घरेलु श्रमिकको मृत्युपछि परिवारहरूले झन धेरै आर्थिक चुनौतीको सामना गरेका छन् । आम्दानीको कमी र वैदेशिक रोजगारीका लागि उच्च ब्याज दरमा लिएका ऋणहरुले घरपरिवारका लागि आर्थिक संकटको उच्च जोखिममा पारेको छ । ऋण तिर्न जमिन, घर वा गोठ बेच्नु पर्ने अवस्था आएको छ । महिला प्रमुख रहेको परिवारमा आर्थिक बोझ बढी हुन्छ र बालबालिकाहरु शिक्षा, स्वास्थ्य लगायत आवश्यक पालनपोषणबाट प्रभावित भएका छन् । राज्यको बीमा, क्षतिपूर्ति लगायतका आवश्यक सुविधाहरुबाट अनौपचारिक रुपमा गएका श्रमिकहरु बञ्चित भएका छन् । आर्थिक दबाबका कारणले परिवार अर्को सदस्यलाई विदेश पठाउन बाध्य भएका छन् वा आफै सो ठाउँबाट विस्थापित भएर अन्यत्र गएका छन् । जसले पुस्तौंसम्म ऋण र जोखिमको चक्र निरन्तर बनाउँछ ।

*"दिदीको मृत्यु पश्चात हाम्रो परिवार ऋण र आर्थिक बोझको चपेटामा पऱ्यो । ऋण दिने साहुले बदलामा घर समेत कब्जा गरेर हामीहरु आफ्नो बासस्थान छोडेर बसाइँ सर्न बाध्य भयौं ।"*

**प्रभा नेपालीकी दिदी**

## ▪ अनियमित आप्रवासन र संचनागत असमानता

नेपालका महिला आप्रवासी श्रमिकहरूको मृत्यु पछि शव फिर्ता र परिवारको कानुनी न्यायमा पहुँचमा गम्भीर चुनौतीहरू देखा पर्दछन् । शव फिर्ता प्रक्रियामा धेरैजसो हप्तौं वा महिनौं लाग्छ, दुतावास, रोजगारदाता र सरकार बीच समन्वयको कमीले परिवारलाई अनिश्चिततामा ल्याउँछ । अनियमित आप्रवासी महिलाहरू सबैभन्दा बढी जोखिममा छन् । कागजात नहुँदा गन्तव्य देश र दूतावासले उनीहरुको जिम्मेवारी लिन अस्वीकार गर्छ । मृतकको शव प्रायः परिवारको स्वीकृति बिना विदेशमा वा काठमाडौंमा अन्त्येष्टि गरिन्छ । मृत्यु प्रायः आत्महत्या वा प्राकृतिक मृत्यु भनेर वर्गीकरण गरिन्छ, पोस्ट-मोर्टममा चोट देखिए पनि सत्य तथ्य छानविन हुँदैन । यी सबै संरचनागत असमानताका कारणले परिवारलाई सामाजिक, कानुनी र आर्थिक रूपमा असुरक्षित बनाउँछ । महिला भएकै कारणले महिलाहरूको श्रम, जीवन र मृत्युलाई राज्य, कानुनी संरचना र समाजले कसरी अदृष्य बनाउँछ भनेर स्पष्ट देख्न सकिन्छ ।

*"हाम्रो छोरीको शव स्वदेश ल्याउन हामीले महिनौंसम्म संघर्ष गर्नुपर्यो । कुनै पनि सरकारी निकायले मार्गदर्शन वा सहयोग प्रदान गरेन, अनियमित बाटो हुँदै गएको भनी सम्पूर्ण जिम्मेवारी परिवार माथि छोडिदियो ।"* **वेद कुमारी सार्कीकी आमा**

*"उनको मृत्यु विदेशमा आत्महत्या भनेर ठहर गरियो, तर उनी त्यस्तो व्यक्ति थिइनन् । मेघवती जस्ता महिला आप्रवासी श्रमिकहरूलाई पर्याप्त सुरक्षा नदिइ विदेश पठाइन्छ । कामको क्रममा दुर्व्यवहार वा मृत्यु भएमा तिनीहरूलाई बेवास्ता गरिन्छ । कामको क्रममा यदि उनीहरू बिरामी पर्छन्, दुर्व्यवहार भोग्छन् वा मृत्यु हुन्छ, भने यस्ता घटनाको वेवास्ता गरिन्छ, घटनाको सत्य तथ्य छानबिन हुँदैन र मृत्युलाई सामान्य वा प्राकृतिक मृत्युको रूपमा ढाकछोप गरिन्छ ।"*

**मेघावाती डंगोलका भाइ**

## ४. नीतिगत सिफारिसहरू

**महिला आप्रवासी श्रमिकहरू र उनीहरूको परिवारको सुरक्षा, सम्मान, र न्याय सुनिश्चित गर्न निम्न नीतिगत सिफारिसहरु प्रदान गर्दछौं ।**

१. घरेलु श्रम क्षेत्रमा लगाइएको आप्रवासन प्रतिवन्ध हटाएर सबै महिलाका लागि सुरक्षित, कानुनी र पहुँचयोग्य आप्रवासनका मार्गहरु स्थापना गर्न आवश्यक छ । साथै, विदेशमा कार्यरत सम्पूर्ण महिला श्रमिकलाई अनिवार्य रूपमा नेपाली दूतावासमा दर्ता गराई उनीहरूको संरक्षण र कानुनी सुरक्षा सुनिश्चित गरिनुपर्छ ।

२. सबै मृतक श्रमिकका परिवारको बीमा, राहत र क्षतिपूर्तिमा सहज पहुँच पुऱ्याउने व्यवस्था गर्नुका साथै सरकारले शव ल्याउने प्रक्रिया आफ्नै नेतृत्वमा व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्ने, र स्थानीय तहमा क्षतिपूर्ति प्राप्त गर्ने प्रक्रिया सरल, पारदर्शी र द्रुत बनाइनुपर्छ ।

३. विदेशस्थित नेपाली दूतावासमा आवश्यक जनशक्ति र स्रोत साधन थप गरी सहयोगी संयन्त्रलाई बलियो बनाउनु पर्ने । सबै श्रमिकहरुको मृत्युमा अनिवार्य रूपमा शव फिर्ता ल्याइसकेपछि दोहोरो पोष्टमार्टम गराउने, र **'प्रवासमा मृत्यु भएकाहरुको सत्य तथ्य अनुगमन गर्नका लागि विभाग'** तथा कानुनी सहायता कक्ष स्थापना गर्न आवश्यक छ ।

४. वडा स्तरमा निःशुल्क मनो-परामर्श सेवा स्थायी रूपमा सञ्चालन गर्नुका साथै समुदायमा क्रियाशील संस्थाहरूसँग सहकार्य गर्दै कानुनी तथा मनोवैज्ञानिक सहयोग प्रवाह गर्न सहज र पहुँचयोग्य संयन्त्र बनाइनुपर्छ ।

५. महिलाको आप्रवासन प्रति सकारात्मक सामाजिक सोच विकास गर्न समुदाय तहदेखि राष्ट्रिय स्तरको सचेतनामूलक अभियान सञ्चालन गरिनुपर्छ ।

६. नीति निर्माण प्रक्रियामा फर्किएका श्रमिक र मृतक श्रमिकका परिवारलाई प्रत्यक्ष सहभागी गराइनुपर्छ र दलित, जनजाति र पछाडि पारिएका समुदायका महिलाहरूको नेतृत्वमा अनुसन्धान र सिफारिस तयार पार्ने अभ्यासलाई संस्थागत रूपमा प्रवर्द्धन गरिनुपर्छ ।

७. मृत्यु सम्बन्धी तथ्याङ्कलाई जात, वर्ग, उमेर र लिङ्ग अनुसार अभिलेखीकरण गर्दै सार्वजनिक गरिनुपर्छ ।

८. आप्रवासन नीतिहरूमा लैङ्गिक दृष्टिकोणबाट अनिवार्य मूल्याङ्कनको व्यवस्था गर्नुपर्ने, घरेलु श्रमलाई औपचारिक श्रमको रूपमा कानुनी मान्यता दिनुपर्ने र सबै नागरिकका लागि सुरक्षित, पारदर्शी, र न्यायसम्मत आप्रवासन प्रणाली निर्माण गरिनुपर्छ ।

९. महिला अधिकार, श्रम अधिकार र आप्रवासन सम्बन्धी नीति तथा कार्यक्रम निर्माणमा महिलाहरू, नागरिक समाज, अनुसन्धान संस्था र सरकारी निकायबीच समन्वय र सहभागिता सुनिश्चित गर्नुपर्छ ।


**महिला पुनर्स्थापना केन्द्र (ओरेक)**

सम्पर्क नम्बर : +९७७-०१५१८६३७४, ०१-५१८६०७३, हटलाइन : १६६०-०-१७८९१०

इमेल : ics@worecnepal.org, Website: www.worecnepal.org